

# अध्याय -६

## दुई साक्षीहरूहरू

<u>यस अध्यायका मूल पदहरू:</u> प्रकाश ११:३-६; जकरिया ४:१४; प्रकाश १२:५,६,१४,१५; दानिएल ७:२५; यशैया ५४:१७; भजन ११९:८९; प्रकाश ११:१५-१८।

*<u>यस अध्यायको मुल सार पद:</u>* **"घाँस ओइलाउँछ, फूलहरू झरिहाल्छ, तर हाम्रा परमेश्वरको वचन सधैंभरि अटल रहनेछ।" यशैया ४०:८।**

शताब्दीयौंदेखि शताब्दीयौंसम्म परमेश्वरको वचनलाई क्षतविक्षत गरिरहेको छ, शङ्का उपशङ्काको मारमा परिरहेको छ, तिरस्कार गरिरहेको छ र फालिरहेको छ। इसाई मठहरूमा बाइबललाई सिक्रीले बाँधेका थियो, सार्वजनिक स्थलमा जलाइएको थियो र धुजाधुजा गरेर च्यातिएको थियो। बाइबलप्रति आस्था राख्नेहरूलाई उपहास गरेका थिए, हँस्सी र मजाक उडाएका थिए, खिसी उडाएका थिए, कालकोठरीमा जाकिएका थिए र हत्या पनि गरेका थिए। तर परमेश्वरको वचन अटल र प्रबल नै भइरह्यो।

मध्यकालिन रोमन क्याथोलिक चर्चले बाइबललाई विश्वास गर्ने बफादारी इसाईहरूलाई भिषण सतावट दिएको थियो। तैपनि, अन्धकारमा परमेश्वरको वचन चम्किरह्यो। परमेश्वरको वचन फैलिन जतिसुकै दवाव र सतावट आएतापनि रोक्न सकेन। अङ्ग्रेजी बाइबल अनुवाद गर्ने विलियम टिण्डेलमाथि उनको विश्वासको कारण मुद्दा चलाएको थियो। परमेश्वरको वचन

फैलाउन कसले सहयोग गऱ्यो भनेर उनलाई केरकार गर्दा उनले सोचेर जवाफ दिए, "डुरहामका बिशपले।" त्यो सुनेर न्यायधिस चकित भए।

आफ्नो स्पष्टिकरण दिँदै टिण्डेलले भनेकी बिशपले अङ्ग्रेजी बाइबल सार्वजनिक स्थलमा जलाउन किनेका थिए। त्यसबेला त्यस बिशपले सत्यको निम्ति ठुलो सहयोग गरिरहेका उनलाई थाहा थिएन। उनले बजारको भाउभन्दा धेरै मोल तिरेर बाइबल किने। त्यसले गर्दा अझ धेरै बाइबल छाप्न सहयोग गरे। जलाइएका प्रतिहरूभन्दा धेरै छाप्न पैसा मिलेको थियो। खरानी र धुलोमा सत्यलाई धुजाधुजा गर्दा त्यसको चमक झन झन चहकिलो भएर चम्केको थियो।

बाइबल र इसाई आस्थालाई इसाई भनाउँदा रोमन क्याथोलिक चर्चले नै भयानक आक्रमणहरू गरेका थिए। यस अध्यायमा ती आक्रमणहरूमा एउटा हामीले चर्चा गर्नेछौं। सन १७७९मा फ्रान्समा भएको जनक्रान्तीमा फ्रान्सका सडकहरूमा रगत बगेको थियो। सार्वजनिक स्थलमा सुली खडा गरिएको थियो। हजारौं हजारौंलाई वध गरिएको थियो। बाइबलीय आस्थालाई लत्याएर नास्तिक त्यस देशको राज्यधर्म भयो (जुन अहिले पनि जारी नै छ)। तर, परमेश्वरको वचनको साक्षीलाई कसैले पनि चुप राख्न सक्दैन।

***यो अध्याय द ग्रेट कन्त्रोभर्सीको अध्याय १२-१७मा आधारित छ।***

## १. दुई साक्षीहरूहरू

**प्रकाश ११:३-६ पढ्नुहोस्। ती पदहरूमा दुई साक्षीहरूहरूको बारेमा वर्णन गरिएको छ। तिनीहरूका कमसेकम पाँच विषेशताहरू के हुन् जसले तिनीहरूको पहिचान गर्न सकिन्छ? हेर्नुहोस्, " ३ मेरा दुई साक्षीहरूहरूलाई एक हजार दुई सय साठी दिनसम्म भाङ्ग्राको वस्त्र लाएर अगमवाणी बोल्ने शक्ति म दिनेछु।" ४ पृथ्वीका प्रभुको सामुन्ने खड़ा रहेका जैतूनका दुई रूखहरू र दुई सामदानहरू यी नै हुन्। ५ यदि कुनै मानिसले तिनीहरूलाई हानि गर्ने इच्छा गऱ्यो भने, तिनीहरूका मुखबाट निस्केको आगोले तिनीहरूका शत्रुहरूलाई नाश पार्नेछ। कुनै मानिसले तिनीहरूलाई हानि गर्ने इच्छा गऱ्यो भने त्यो त्यही किसिमले मारिनेछ। ६ तिनीहरूले अगमवाणी बोलेका दिनहरूमा पानी नपरोस् भनी आकाश बन्द गर्ने तिनीहरूसित शक्ति छ, र पानीहरूलाई रगत तुल्याउने र तिनीहरूलाई इच्छा लागेको बेलामा पृथ्वीमा हरकिसिमका विपत्ति ल्याउने तिनीहरूसित शक्ति छ।" प्रकाश ११:३-६।**

अगमवक्ता जकरियाले पनि जैतुनका दुई रूखहरू सुनको पानसको दुईतिर खडा भएको देखेका थिए। जकरिया ४। प्रकाशको पुस्तकमा पनि त्यही चित्रण गरिएको छ। ती दुई रूखहरूले अभिषेक गरिएका दुई जीवहरूका प्रतिक हुन् जो सारा संसारको प्रभुसँग खडा हुन्छ भनेर जकरियालाई बताइएको थियो (जकरिया ४:१४)। जैतुनको रूखले पानसमा तेल भर्दछ ताकि त्यसले निरन्तर रूपमा ज्योति दिऊन्। भजनका लेखकले लेखेको कुरालाई हामीलाई याद दिलाउँछ, "तपाईंको वचन मेरा पाउहरूका निम्ति बत्ती हो र मेरो बाटोको निम्ति ज्योति हो" (भजन ११९:१०५)। तेलले पवित्र आत्माको प्रतिनिधित्व गर्दछ (जकरिया ४:२,६)। संसारमा परमेश्वरको वचनको ज्योति फैलाउन पवित्र आत्माको शक्तिले काम गरेको थियो भनेर प्रकाश ११मा यूहन्नाले देखेको दिव्यदर्शनको वर्णन गर्दछ।

ती दुई साक्षीहरूहरूले भविष्यवाणी गर्दछन् र तिनीहरूले भविष्यवाणी गरुञ्जेल पानी पर्न रोकेको हुन्छ। तिनीहरूले पानीलाई रगतमा परिणत गर्न सक्छन् र पृथ्वीमा महामारीहरू फैलाउन सक्छन्। परमेश्वरकै वचन अनुसार इस्राएलमा पानी पर्नेछैन भनेर एलियाले भनेका थिए। उनको प्रार्थनाको जवाफमा इस्राएलमा तीन वर्ष छ महिनासम्म पानी परेको थिएन (याकूब ५:१७) जब उनले प्रार्थना गरे तब पानी परे। बाल देवताका पुजारीहरूले खडेरीलाई देवतालाई पूजा गरेर अन्त्य गर्न खोजेका थिए। तर असफल भए (१ राजा १७,१८)। परमेश्वरकै वचन अनुसार मिश्र देशमा अनेकौं महामारीहरू ल्याए र पानीलाई पनि रगतमा परिणत गरे, किनकि राजा फारोले परमेश्वरका जनहरूलाई स्वतन्त्र गर्न चाहेका थिएनन् (प्रस्थान ७)।

जो मानिसहरूले बाइबललाई बिगार्न खोज्छन् अगमवक्ताको मुखबाट निस्केको आगोको ज्वालाले नष्ट पार्नेछ। प्रभुले यर्मियामार्फत भन्नुहुन्छ, " ११ इस्राएलका घराना र यहूदाका घराना मप्रति सम्पूर्ण रूपले विश्वासघाती भए," परमप्रभु भन्नुहुन्छ। १२ तिनीहरूले परमप्रभुको विषयमा झूटा कुराहरू भनेका छन्। "उहाँले केही गर्नुहुन्न" भनी तिनीहरूले भने। "हामीमाथि कुनै नोक्सानी आइपर्नेछैन। हामी कहिल्यै तरवार वा अनिकाल देख्नेछैनौं।१३ अगमवक्ताहरू त हावा मात्रै हुन्, र तिनीहरूमा वचन छैन। यसैले तिनीहरूले भनेका कुरा तिनीहरूमाथि नै गरिऊन्।" १४ यसकारण सर्वशक्तिमान् परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः "ती मानिसहरूले यस्ता कुरा भनेका हुनाले, म मेरो वचन तिम्रो

मुखमा आगो र यी मानिसहरूलाईचाहिँ भस्म हुने दाउरा तुल्याउनेछु।" यर्मिया ५:११-१४। परमेश्वरको वचनलाई अस्वीकार गर्ने वा त्यागने सबैलाई उहाँले तिनीहरूमाथि न्याय गर्नुहुनेछ। उहाँको वचन मुखमा आगो जस्तो छ।

यूहन्ना ५:३९मा येशूले भन्नुहुन्छ कि पुरानो करारले उहाँको बारेमा साक्षी बक्छ। उहाँले यो पनि भन्नुभयो कि सुसमाचार साक्षीको रूपमा सारा संसारमा प्रचार गरिनेछ (मत्ती २४:१४)। नयाँ करार र पुरानो करार त्यस साक्षीको आधार हो। ती दुई पदहरूमा प्रयोग गरेको शब्दको जड एउटै हो वा मार्टिज (martys)। यही शब्द साक्षी प्रकाश ११:३मा पनि प्रयोग गरिएको छ।

ती साक्षीहरू को हुन् त? बाइबलले औँल्याएको अनुसार प्रकाश ११मा दिएका विशेषताहरू अनुसार दुई साक्षीहरू पुरानो र नयाँ करारहरू हुन् भन्न सक्छौं। ती दुवैबाट परमेश्वरले संसारमा सत्य र ज्योतिको सञ्चार गर्नुभएको थियो।

***कतिपय इसाईहरू चाहे तिनीहरू महान् प्रचारक वा विद्वानहरू नै किन नहून् पुरानो करारलाई अनावश्यक भएको सामग्री भनेर हेप्दछन्। नयाँ करार भएकोले पुरानो करारको प्रयोग गर्नु पर्दैन भनेर तिनीहरूले सिकाउँदछन्। तिनीहरूको त्यस धारणा किन अति गलत छ?***

## २. अगमवाणीको समयावधी

**भविष्यवाणीका समय अवधीहरू देहायका पदहरूमा के समानता पाइन्छ? हेर्नुहोस् तलनात्मक तरिकाले यी पदहरू: "मेरा दुई साक्षीहरूहरूलाई एक हजार दुई सय साठी दिनसम्म भाङ्ग्राको वस्त्र लाएर अगमवाणी बोल्ने शक्ति म दिनेछु।"प्रकाश ११:३, " ४ त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खड़ा थियो। ५ त्यस स्त्रीले सारा जातिलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई। त्यसको बालक परमेश्वरकहाँ उठाइएर उहाँको सिंहासनमा लगियो। ६ त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो।... १३ जब त्यस अजिङ्गरले आफू पृथ्वीमा फ्याँकिएको देख्यो, तब त्यसले छोरो जन्माउने त्यस स्त्रीलाई खेद्यो। १४ तर त्यस स्त्रीलाई त्यस सर्पको सम्मुखबाट उजाड-स्थानमा उड़ेर जानलाई ठूलो गरुडका दुई पखेटा दिइए। त्यो उजाड-स्थान**

**साढ़े तीन वर्षसम्म त्यस स्त्रीको पालनपोषणको निम्ति तयार गरिएको थियो। १५ त्यस स्त्रीलाई बाढ़ले बगाओस् भनेर त्यस सर्पले स्त्रीको पछि आफ्नो मुखबाट नदीजस्तै पानी निकाल्यो।" प्रकाश १२:५,६,१३-१५सँग दानिएल ७:२५ " २५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म उसको हातमा सुम्पिइनेछन्।"**

दुई साक्षीहरूहरूले "एक हजार दुई सय साठी दिनसम्म भाङ्ग्राको वस्त्र लाएर अगमवाणी बोल्ने शक्ति म पाउनेछ।"प्रकाश ११:३। यो त्यही समयाअवधी हो। ४२ महिनाको बिचमा अन्यजाति वा परमेश्वरको सत्यको विरोध गर्नेहरूले पवित्र सहरलाई कुल्चिनेछ भनेर भविष्यवाणी गरिएको छ (प्रकाश ११:२)। परमेश्वरका शत्रुहरूले परमेश्वरको सत्यलाई १,२६० दिन वा ४२लाई तीसले गुणा गर्दा १,२६० आउँछ। युगको अन्त्यको बारेमा भविष्यवाणी गर्दा एक दिन बराबर एक वर्ष हुन आउँछ। परमेश्वरका दुई साक्षीहरूहरूले ती शत्रुहरूको विरुद्धमा भविष्यवाणी गरेको समय अवधी त्यही नै हो।

हामीले अध्याय ४ मा हेऱ्यौं कि रोमी साम्राज्य टुक्रिएपछि आउने सानो सिङ्ग उदय भएर परमेश्वरका जनहरूलाई यातना दिनेछ भनेर दानिएल ७:२५मा भविष्यवाणी गरिएको थियो। समय, समयहरू र आधा समय भनेको अक्षरस रूपमा १,२६० दिन वा वर्षहरू हुन्। भविष्यवाणीमा समयको अर्थ एक वर्ष वा ३६० दिन हो।

प्रकाश १२:६मा परमेश्वरका जनहरूलाई १,२६० दिनसम्म यातना दिइनेछ भनिएको छ। प्रकाश १२:१४मा समय, समयहरू र आधा समय भनेर उल्लेख गरिएको छ। प्रकाश १३:५मा ४२ महिना जति भनेर चर्चा गरिएको छ। प्रकाश ११:२,३मा ४२ महिना र १२६० दिनलाई उल्लेख गरिएको छ। ती सबै भविष्यवाणीहरूले त्यही ऐतिहासिक समयको विभिन्न पक्षहरूको बारेमा चर्चा गर्दछन्।

जब बाइबलको आधिकारितालाई बेवास्ता गर्दछ तर त्यसको ठाउँमा मानवीय आधिकारवालाहरूको उदय हुन्छ। यसले परमेश्वरको वचनलाई उचाली राख्ने भक्तहरूलाई सताउने प्रक्रिया हुन्छ। इसाई जगतमा पोपको बाहुल्यता सन ५३८देखि सन १७९८ सम्म थियो। मध्यकालिन युगको चर्च अत्यन्तै अन्धकारमा फसेको थियो। परमेश्वरका आज्ञाहरूलाई मानिसहरूको आदेशले सट्टापट्टा गरिएको थियो। मानवीय परम्पराहरूले सरल सुसमाचारको

सन्देशलाई छोपेको थियो। रोमन क्याथोलिक चर्च बाइबल नमान्ने शक्तिसँग साँठगाँठ गरे। सारा युरोपभरि त्यस शक्तिले राज गरेको थियो।

१२६० वर्षसम्म परमेश्वरको वचन वा दुई साक्षीहरूहरू भाङ्ग्राको लुगा लगाएका थिए। रोमन क्याथोलिक चर्चमा मूर्तिपूजा गर्ने धर्मको परम्परा र विधिहरू भित्रिँदा बाइबलको सत्य लुकिएको थियो। ती दुई साक्षीहरूहरू वा पुरानो र नयाँ करारले पनि भविष्यवाणी गरिरहेको थियो। बाइबलको आवाज घन्कि नै रहेको थियो। आत्मिक वा अध्यात्मिक अन्धकारमा पनि परमेश्वरको वचनलाई सुरक्षित राखिएको थियो। कतिपय मानिसहरूले परमेश्वरको वचनलाई हृदयमा सजाइ राखेका थिए र ती वचनका नीतिहरू अनुसार जिएका थिए। तर युरोपमा बहुमतको अगाडि येशूभक्तहरू थोरै थिए। जोन हस, वाल्डनसिस, जेरोम, मार्टिन लुथर, उलरिक ज्वीन्गली, जोन क्यालभिन, जोन र चार्ल्स वेसली र कतिपय सुधारवादी येशूभक्तहरू परमेश्वरको वचनमा बफादार भएका थिए। आफूहरूले जानेबुझेको परमेश्वरको वचनका नीतिहरूमा तिनीहरू उभेका थिए।

**आज पनि के शिक्षा, दीक्षा वा दर्शनहरू छन् जुन धेरै इसाईहरूले पक्रिराखेका छन् जुन बाइबल होइन परम्पराको आधारमा लोकप्रिय भएका छन्?**

## ३. दुई गवाहीहरूको हत्या गरिन्छ

**प्रकाशको पुस्तकको कतिपय भाषाहरू प्रतिकको रूपमा उल्लेख गरिएका छन्। दुई साक्षीहरू भन्दा पुरानो र नयाँ करार हो भनेर हामीले बुझ्यौं। यस प्रतिकको भाषालाई मध्यनजर राखेर ती दुई साक्षीहरूलाई के हुनेछ भनेर प्रकाश ११:७-९ले बताएको हेर्नुहोस्: "७ तिनीहरूले आफ्नो गवाहीको काम सिद्ध्याइसकेपछि अतल कुण्डबाट निस्किआउने त्यस पशुले तिनीहरूसँग लड़ाइँ गरी तिनीहरूलाई जितेर मार्नेछ। ८ तिनीहरूका लाशहरू त्यस ठूलो सहरको सड़कमा पड़िरहनेछन्, जुन सहरलाई दृष्टान्तको रूपमा सदोम र मिश्र भनिन्छ, जहाँ तिनीहरूका प्रभु क्रूसमा टाँगिनुभएको थियो। ९ साढ़े तीन दिनसम्म तिनका लाशहरूलाई मानिसहरू, कुलहरू, भाषाहरू र जाति-जातिका मानिसहरूले हेर्नेछन् र ती लाशहरू गाड्न दिनेछैनन्।"**

सन ५३८ मा मूर्तिपूजा गर्ने र सम्म्रातलाई भगवान मानेर ढोगाउन जनतालाई आदेश दिने रोमको साम्राज्य ढलेको वा पतन भएको थियो। त्यस साम्राज्यका नागरिक, राजनैतिक र धार्मिक अधिकारलाई रोमी बादशाह जस्टिनियनले रोमन क्याथोलिक चर्चका उच्च धर्मगुरु पोप भिगिलियसलाई

सुम्पिएको थियो। त्यसको फलस्वरूप रोमन क्याथोलिक चर्चको संरक्षणमा बाइबल र बाइबल मात्र विश्वास गर्ने येशूभक्तहरूलाई दमन गर्न थालियो। लामो समयसम्म त्यस दमन गर्ने युगलाई मध्यकालिन युग भनिन्छ। त्यसबेला चर्चमा सैतान पसेर भाँडभैलो मच्चाएको थियो। यो युग सन १७९८ मा समाप्त भएको थियो। त्यसबेला फ्रान्सको सेनापति बर्थियरले फ्रान्सको सम्रात् नेपोलियनको हुकुम अनुसार रोमलाई कब्जा गरेका थिए। जब उनी र उनका सेनाहरू रोममा पसे तब तिनीहरूको खिलाफमा कोही पनि उत्रेन। यो फेब्रुअरी १०,१७९८को घट्ना हो। पोप पायस छैठौंलाई बन्दी बनाएर फ्रान्समा लगिएको थियो। त्यहाँ उनको मृत्यु भएको थियो। यसले रोमन क्याथोलिक चर्चको युरोपमा राजनैतिक अधिकार समाप्त भएको थियो। युरोपका राजाहरूलाई नियुक्त गर्ने र नागरिक समाजमा पोपका हुकुमहरूको अन्त्य भएको थियो। यस मितीले दानिएल र प्रकाशको पुस्तकमा भविष्यवाणी गरेको १२६० दिनको वा वर्षको अन्त्य भएको थियो।

बाइबलको भविष्यवाणी प्रभाकारी रूपमा पूरा भएको हामीले अचम्म नै मान्नुपर्दछ। दानिएलले त्यो भविष्यवाणी येशू जन्मिनुभएको लगभग ५०० वर्ष अघि गरेका थिए। यो २३०० वर्ष भन्दा पछि नै पूरा भएको थियो र २३००को भविष्यवाणी ठिक समयमा नै पूरा भएको थियो। त्यसकारण, बाइबलका अरू भविष्यवाणीहरू पनि पूरा हुनेमा हामी विश्वस्त छौं।

फेरि त्यसै समय परमेश्वरको वचनको साक्षीले सुसमाचारका सत्यलाई मध्यकालिन युगमा जीवितै पारिराखेको थियो। यद्यपि, बाइबलको सत्यताले धेरै चुनौति खप्न थाल्नु परेको थियो। पिँड नभएको खाडलबाट सैतान उठेर बाइबललाई घोर आक्रमण गर्न थाल्यो। सन १७८९ मा फ्रान्समा भएको जनक्रान्तीद्वारा सैतानले बाइबलको आधिकारितालाई घोर आक्रमण गर्न थालेको थियो।

फ्रान्सको जनक्रान्ती पछि नास्तिक धर्म वा मानवीय तर्क नै धर्म हो भनेर सरकारले आधिकारिक रूपमा स्थापना गऱ्यो। इसाई धर्म अब मानवीय तर्कले बाहुल्यता पायो। नभेम्बर १०, १७९३ मा राष्ट्रव्यापी मानवीय तर्क वा नास्तिक धर्मको पर्व राष्ट्रको संरक्षणमा मनाइयो। मानवीय दर्शन, विज्ञान र ज्ञान नै धर्म हो र परमेश्वरमाथिको विश्वासको औचित्य छैन भनेर कानुनी रूपमै घोषणा गरियो। फ्रान्सका चर्चहरूमा मानवीय तर्क वा दर्शनका मन्दिरहरू खडा गराए। त्यसबेला एक जना स्त्रीलाई तर्कको जीवित देवी हुन भनेर सिंहासनमा बसालियो। सडक सडकमा बाइबललाई सार्वजनिक रूपमै

जलाइएको थियो। परमेश्वरको अस्तित्व छैन भनेर सदनमै पारित भएको थियो। मृत्युलाई चिर निन्द्रा वा कहिल्यै नबिउँझिने स्थिति हो भनेर घोषणा गरिएको थियो। नास्तिक मानिसहरूको हातद्वारा दुई साझीलाई मार्न सैतानले नेतृत्व गरेको थियो। फ्रान्सभरी जलाइएका बाइबलहरू लास जस्तै छरिएका थियो। प्रकाश ११:८ को भविष्यवाणी यसरी पूरा भयो, "तिनीहरूका लाशहरू त्यस ठूलो सहरको सड़कमा पड़िरहनेछन्, जुन सहरलाई दृष्टान्तको रूपमा सदोम र मिश्र भनिन्छ, जहाँ तिनीहरूका प्रभु क्रूसमा टाँगिनुभएको थियो।"

इजिप्त वा मिश्र देशले धेरै देवीदेवताहरूको पूजा गरिन्थ्यो। मानव निर्मित मूर्तिहरूलाई भगवान वा भगवती भनेर पूजा गर्ने संस्कार वा संस्कृतिले सनातन सत्य परमेश्वरको अस्तित्वलाई त्यागेको थियो (प्रस्थान ५:२)। सोडोमले घोर अनैतिकता र भ्रष्टलाई प्रतिनिधित्व गर्दछ। नास्तिक र अनैतिकले बाहुल्यता पाउँदा परमेश्वरका दुई साक्षीहरूहरू मरेतुल्य भएका थिए। पुरानो र नयाँ करारको आधिकारिता वा मान्यतालाई फ्रान्सको जनक्रान्तीले मारेको थियो। परमेश्वरप्रति आस्था र नैतिकता नहुँदा सारा जनतामा जनक्रान्तीपछि अराजकता, नैतिक भ्रष्टको हावा वगेको थियो। त्यसको फलस्वरूपमा देशमा फ्रान्सका मानिसहरूका रगतको खोलो बगेको थियो।

*प्रकाश ११:९ले बताउँछ "साढ़े तीन दिनसम्म तिनका लाशहरूलाई मानिसहरू, कुलहरू, भाषाहरू र जाति-जातिका मानिसहरूले हेर्नेछन् र ती लाशहरू गाड्न दिनेछैनन्।" भविष्यवाणीमा, दिनको अर्थको अक्षरस वर्ष हो। फ्रान्समा नास्तिक धर्म कमसेकम साढे तीन वर्षसम्म चुचुरोमा पुगेको थियो। यो समय नभेम्बर २६, १७८९मा सुरु भएको थियो जब सरकारले नै धर्मलाई खारेज गर्न आदेश दिएको थियो। धर्मलाई गैरकानुनी बनाइएको थियो वा धर्मप्रति बन्देज लगाएको थियो तर त्यो बन्देज जुन १७, १७९७मा हटाइयो अर्थात् त्यसबेलादेखि फ्रान्समा धर्मप्रतिको प्रतिबन्ध हटाइएको थियो।*

## ४. दुई साझीहरूको पुनरुत्थान हुन्छ

प्रकाश ११:११मा परमेश्वरको वचनको बारेमा के भविष्यवाणी गरिएको छ? हेर्नुहोस्, "साढ़े तीन दिनपछि परमेश्वरबाट आएको जीवनको सास तिनीहरूभित्र पस्यो, र तिनीहरू आफ्ना गोडामा खड़ा भए, अनि तिनीहरूलाई देख्नेहरूमाथि ठूलो डर छायो।"

फ्रान्सको जनक्रान्ती पछि परमेश्वरको वचन जिवितै भएको थियो भने पनि हुन्छ। आत्मिक पुनर्जागरणको अभियान प्रभावकारी रूपमा हुने थियो। मुक्ति दिने परमेश्वरको वचनमा भएको शक्ति देखेकोमा मानिसहरूको बिचमा वचनप्रति ठुलो हुन्थ्यो। अठारौं शताब्दीको अन्तमा परमेश्वरले उहाँमा समर्पित पुरुष र महिलाहरूलाई उठाउनुभएको थियो जसले संसारको कुनाकाप्चामा सुसमाचार फैलाएका थिए। बाइबलको सन्देश द्रुतगतिमा फैलिएको थियो। बिलायतको विलियम क्यारी भारतमा गएर बाइबललाई दर्जनौं भारतको भाषामा अनुवाद गरेका थिए। बाइबलबाट प्रेरित भएर संसारभरी सुसमचार प्रचारक अर्थात् मिसिनेरीहरू फैलिएका थिए।

यो विश्वव्यापी सुसमाचार प्रचार गर्ने अभियान फ्रान्सको जनक्रान्ती अचानक भएको भन्न मिल्दैन। परमेश्वरको वचन जीवित वचन हो। झट्ट हेर्दा मरिएको देखिएतापनि विश्वासीहरूको हृदयमा जीवितै थियो र पछि पूर्ण रूपले सक्रिय हुन थालेको थियो। यो प्रकाशको पुस्तकमा भएको भविष्यवाणी अनुसार नै भएको थियो। फ्रान्सको प्रख्यात दार्शनिक भोल्टाएरले (१६९४-१७७८) घमण्ड गर्दै भनेका थिएः 'बाऱ्हजना मानिसहरूले इसाई धर्म स्थापना गरेका थिए भन्ने कुरा सुनिरहनुपर्दा म थाकिसकेको छु। एक जनाले मात्रै त्यो धर्मलाई फ्याँक्न सक्छ भनेर म प्रमाणित गरिदिनेछु।' उ मरेको पुस्तौं भइसक्यो। करौडौं मानिसहरू बाइबलसँग युद्ध गर्न मिलेका थिए। तर बाइबल नाश भएको थिए। भोल्टायरको समयमा सयौं बाइबल थियो भने अहिले लाखौं र करोडौं छ। पहिलेका येशूभक्त सुधारवादीहरूले इसाई चर्चको बारेमा भनेका थिए, 'बाइबल अचानो हो जसमा धेरै हथौडाहरू खिएका छन्।"- *द ग्रेट कन्त्रोभर्सी*, पृ. २८८।

**देहायका पदहरूले बाइबलको बारेमा हामीलाई के भन्छ र यसमाथि हामी किन भरोसा राख्न सक्छौं? हेर्नुहोस्, " <u>८९ हे परमप्रभु, तपाईंको वचन सनातन र अनन्त छ, आकाशमा त्यो स्थिर रहन्छ।</u> ९० तपाईंको विश्वसनीयता सबै पुस्तासम्म रहन्छ। तपाईंले पृथ्वी स्थापित गर्नुभयो, अनि त्यो स्थिर छ। ९१ तपाईंका विधानहरू आजको दिनसम्म स्थिर छन्, किनकि सबै थोकले तपाईंको सेवा गर्छन्। ९२ तपाईंको व्यवस्था मेरो निम्ति आनन्द नहुँदो हो त, म आफ्नो कष्टमा नष्ट भइसक्नेथिएँ। ९३ तपाईंका आदेशहरू म कहिल्यै बिर्सनेछैनँ। किनकि तपाईंले तीद्वारा नै मेरो प्राणलाई सुरक्षित राख्नुभएको छ।" भजन ११९:८९-९३ र " ७ उहाँका हातका कामहरू विश्वासयोग्य र न्यायपूर्ण**

**छन्, उहाँका सबै आदेश विश्वसनीय हुन्छन्। ८ ती सदाकालको लागि अटल छन्, विश्वासयोग्यता र सत्यतामा गरिएका छन्।" भजन १११:७-८।**

परमेश्वरको वचनमाथि आक्रमण गर्ला, यसलाई अनेकौं किसिमले दवाउन खोज्ला तर यसलाई कहिल्यै पनि सखाप पार्न सक्दैन। इसाई हुँ भन्ने धेरै विद्वान, प्रचारक र शिक्षकहरूले यसको आधिकारितालाई विभिन्न तरिकाले अस्वीकार गर्न सक्ला, बाइबलको प्रत्येक भागप्रति तर्कवितर्क गर्ला, विभिन्न मानवीय तर्कहरू घुसाउला तर यसमा भएको देविक छापलाई कसैले पनि हटाउन सक्दैन। परमेश्वरको सत्यलाई कसैले र कहिल्यै पनि निर्मूल पार्न सक्दैन।

जतिसुकै धुरन्धर वैज्ञानिक, दार्शनिक र अझ इसाई भनाउँदा विद्वानहरूले परमेश्वरको वचनलाई आक्रमण गरेतापनि त्यसबाट हामी कहिल्यै पनि विचलित हुनुहुँदैन। परमेश्वरको वचन अहिले पनि जीवितै छ, यसले मानिसका हृदयमा बोली रहन्छ, नयाँ जीवन प्रदान गरिरहेको छ। सबैको निम्ति त होइन, तर जसले यसलाई पढ्दछ, सुन्दछ र यसका शिक्षाहरूलाई पालन गर्न इच्छुक हुन्छ।

***तपाईंको व्यक्तिगत जीवनमा कुनचाहीं भविष्यवाणीहरूले तपाईंलाई बोल्दछन् र किन?***

## ५. सत्यको विजय हुन्छ

परमेश्वरको कामलाई खतम गर्न शत्रुले जतिसुकै आक्रमणहरू गरेतापनि यस संसारमा परमेश्वरको काम शानदार रूपमा सम्पन्न हुनेछ। प्रत्येक देश वा राष्ट्रमा, जाति, भाषा र मानिसहरूको बीचमा सुसमाचार फैलाउने छ (प्रकाश १४:६)। ख्रीष्ट र सैतानको बीचमा भइरहेको महान् द्वन्द्व नर्क वा शैतानको शक्तिलाई पूरै हराएर समाप्त हुनेछ। परमेश्वरको राज्यले खराब, दुष्ट तत्वहरूमाथि विजय पाउनेछ र यस जगतबाट पापको अस्तित्व सदाको निम्ति मेटिनेछ। इसाई आस्था र परमेश्वरमाथिको विश्वासलाई ध्वस्त पार्न सैतानले फ्रान्सको जनक्रान्तीद्वारा प्रयास गर्नेछ भनेर प्रकाश ११ अध्याय सुरु हुन्छ भने परमेश्वरको राज्यले दुष्ट र सैतानका अन्धकारका शासकहरूमाथि विजय प्राप्त गर्नेछ भनेर त्यही अध्यायको अन्तमा बताइएको छ। ख्रीष्ट र सत्यको निम्ति भयानक सतावट पाउने र पाइरहनेका निम्ति त्यो प्रतिज्ञाले उत्साह प्रदान गर्दछ।

**प्रकाश ११:१५-१८ अनुसार सातौं तुरही बजाउने समयको अन्त्यमा के घट्नाहरू हुनेछ भनेर लेखेको पढ्नुहोस्, "१५ अनि सातौं स्वर्गदूतले आफ्नो तुरही फुके, र त्यसपछि स्वर्गमा यसो भन्ने ठूला-ठूला आवाज गुञ्जिए, "संसारको राज्य हाम्रा प्रभुको र उहाँका ख्रीष्टको राज्य भएको छ, अनि उहाँले सदासर्वदा राज्य गर्नुहुनेछ।" १६ अनि परमेश्वरको सामुन्ने आफ्नो-आफ्नो सिंहासनमा बस्ने ती चौबीसै धर्म-गुरुहरूले घोप्टो परी परमेश्वरलाई दण्डवत् गरे, १७ भन्न लागे, "हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, हामी तपाईंलाई धन्यवाद चढ़ाउँछौं, जो हुनुहुन्छ र जो हुनुहुन्थ्यो, किनभने तपाईंले आफ्नो ठूलो सामर्थ्य हातमा लिनुभयो र राज्य गर्न थाल्नुभयो। १८ जाति-जातिहरू क्रुद्ध भए, तर तपाईंको क्रोध प्रकट भयो। मरेकाहरूका इन्साफको समय आयो, र तपाईंका दासहरू र अगमवक्ताहरू र सन्तहरूलाई र तपाईंका नाउँको डर मान्ने ठूला-सानाहरूलाई इनाम दिने समय, र पृथ्वीको विनाश गर्नेहरूलाई नाश गर्ने समय आयो।"**

यस संसारका राज्यहरू प्रभुको राज्य हुनेछ। ख्रीष्ट विजयी हुनुभएको छ। खराब तत्त्वहरू हारिन्छन्। येशूले जित्नुहुन्छ र सैतान परास्त्र हुन्छ। धार्मिकताको विजय हुन्छ। यहाँ दिएको अर्तीलाई हृदयमा सजाइ राख्नु हाम्रो निम्ति लाभदायक हुन्छ, "मानिसका दर्शन, अधिकार र विद्यामा निर्माण गरिएको सबै दर्शन, अधिकार र विद्यालाई हुत्त फालिनेछ। तर, परमेश्वरको अटल चट्टानमा निर्माण गरिएका सबै थोकहरू सदाको निम्ति अटल रहनेछ।"- *द ग्रेट कन्त्रोभर्सी,* २८८।

**उघ्रिएको स्वर्गमा यूहन्नाले के देखे भनेर प्रकाश ११:१९ लेखेको पढ्नुहोस्, "स्वर्गमा परमेश्वरको मन्दिर खोलियो, र उहाँको मन्दिरभित्र उहाँका करारको सन्दूक देखियो। बिजुलीका चमक देखिए। आवाज र मेघ गर्जनहरू सुनिए। भूकम्प गए र ठूला-ठूला असिना परे।"**

स्वर्गमा भएको परमेश्वरको मन्दिर खोलिएको यूहन्नाले देखेका थिए। जब उनले महापवित्रस्थानमा हेरे, त्यहाँ करारको सन्दुक उनले देखे। स्वर्गको नमूना अनुसार बनाइएको पुरानो करारको पवित्र स्थान वा मन्दिरको महापवित्रस्थानमा करारको सन्दुक थियो। त्यस सन्दुकमाथि दुई स्वर्गदूतहरूको प्रतिमा थिए। त्यहाँ परमेश्वरको महिमित उपस्थित हुन्थ्यो। त्यस सन्दुकभित्र परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको शिलापाटी थियो। हामी विश्वासद्वारा परमेश्वरको अनुग्रहले मुक्ति पाएतापनि हामीले त्यो मुक्ति पाएकाछौं वा हाम्रो विश्वास सक्कल छ भनी देखाउन परमेश्वरको आज्ञालाई

पालन गरेर देखाउँछौं। परमेश्वरको न्यायको आधार नै उहाँको व्यवस्था वा दश आज्ञा हो (याकूब २:१२)। यो तथ्य विशेष गरेर युगको अन्तमा महत्त्वपूर्ण र अपरिहार्य हुनेछ (प्रकाश १२:१७; १४:१२)।

***नास्तिक फ्रान्सको जनक्रान्ती र युगको अन्त्यमा हुने महिमित परमघट्नालाई औंल्याउने प्रकाश ११ले आजको युगमा हामीलाई कसरी बोलीरहेको छ?***

उपसंहारः

**थप जानकारीः** "जब धार्मिक र धर्म नमान्ने अख्तियारले बाइबललाई निषेध गर्दछ, जब यसका वचनमा विकृतिहरू घुसाउँछ तब मानिसहरूको दिमागबाट बाइबलको सत्यतालाई हटाउन मानिस र सैतानका दुष्ट शक्तिहरूले धेरै प्रयास गर्नेछ र बाइबलको गरिमालाई हटाउन धेरै युक्तिहरूको आविश्कार गर्नेछ। बाइबलका सत्यतालाई घोषणा गर्ने साहस गर्नेहरूको पिछा गरेका थिए, विश्वासीहरूमा एक आपसमा विश्वासघात गरेका थिए, कतिलाई घोर यातना दिएका थिए, कालकोठरीमा हुत्याएका थिए, आफ्नो आस्थाको निम्ति कतिपय शहीद भएका थिए, जङ्गल र पहाडमा भूमिगत भएका थिए र गुफा र चट्टानमुनि लुक्न बाध्य भएका थिए। परमेश्वरका निष्ठावान साक्षीहरू भाङ्ग्रा ओढेर भविषयवाणी गरेका थिए। १२६० वर्षको अवधीभरि तिनीहरू तिनीहरूले परमेश्वरको निम्ति साक्षी दिइरहेका थिए। अत्यन्तै अन्धकार समयमा पनि थोरै भएतापनि बफादारी येशूभक्तहरू थिए जो परमेश्वर र बाइबलको महिमा सुरो र जोशिलो भएका थिए। अन्धकारमय समयभरि सत्यको साक्षी दिन ती बफादारी सेवकहरूलाई बुद्धि, ज्ञान, शक्ति र अधिकारले सुसज्जित गरेका थिए।"द *ग्रेट कन्त्रोभर्सी,* पृ. २६७,२६८।

"जब फ्रान्सले सदनबाटै सार्वजनिक रूपमा परमेश्वरलाई त्यागे र बाइबललाई पन्छाए तब दुष्ट मानिसहरू र अन्धकारका शक्तिहरू तिनीहरूको उपलब्धीको कारण उल्लेसित भएका थिए। परमेश्वरको व्यवस्थाबाट स्वतन्त्र हुने राज्य स्थापना गर्न पाएकोमा तिनीहरू खुशी भएका थिए।...सैतानको निष्ठुर शक्तिलाई नियन्त्रण गर्ने परमेश्वरको शक्तिलाई उहाँले सयंम अपनाएर केही समय रोकिएको थियो। त्यस समय सैतान स्वतन्त्र भएको थियो र मानिसहरूको दयनीय अवस्थाप्रति उ खुशीले नाचेको थियो। उसको इच्छामा नै उसले जे गर्न चाह्यो त्यही गर्न दिएको थियो।

जो मानिसहरू विद्रोही सैतानको सेवा गर्न रोजेका थिए तिनीहरूले आफ्नो फल आफैले चाख्न पाएका थिए। तिनीहरूको समाज नै अपराध, भयानक नैतिक पतन, हिंसा र हत्यामा जाकिन पुगेको थियो। त्यसको लेखाजोखा गर्न साध्य नै थिएन। ध्वस्त भएका प्रान्तहरू र जिर्ण भएका सहरहरूबाट भयानक क्रन्धन सुनिएको थियो। भिषण पीडाका तितो स्वरहरू आकाशमा उडिरहेका थिए। भुइचालोले हल्लेको जस्तै फ्रान्स हल्लिएको थियो। परमेश्वरको व्यवस्थालाई मेटाउन खोज्ने दुष्ट हातको अधिकारमा फ्रान्स जाकिएकोले त्यहाँ अधर्म, अवैध, सामाजिक अवस्था, परिवार, राज्य र चर्चमा अराजकता अराजकता फैलिएको थियो।" *ग्रेट कन्त्रोभर्सी,* पृ. २८६।

"अहिले पनि परमेश्वरले दिनुभएको अवसर र समयमा चर्चले पछ्याएन, सत्यको प्रत्येक किरणलाई स्वीकारेन, बाइबलमा प्रकट गरेको प्रत्येक काम र कर्तव्य पालन गरेन भने इसाई धर्म केवल औपचारिकतामा मात्रै पतन भएर जानेछ। इसाईहरूको जीवन महत्त्वपूर्ण धर्मपरायणता गायब हुनेछ।"- *ग्रेट कन्त्रोभर्सी, पृ. ३१६।*

**चिन्तनमनन:**

अ. फ्रान्सको जनक्रान्तीमा महान् द्वन्द्वका नीतिहरू कसरी प्रकट गरिएको छ?

आ. जब कसैले परमेश्वरको अस्तित्व छैन भनेर विवाद गरेको थियो उसले लेख्यो, "हाम्रा आफ्नै लक्ष्यहरू कोर्न सक्छौं वा स्थापना गर्न सक्छौं। कसैले नाइनास्ती नगरीकन हामीले आफ्नै वौद्धिक क्षमताको विकाश गर्न सक्छौं र हामीले नै त्यस क्षमताको सीमा तोक्न सक्छौं।" कसैको मनाहीमा पर्नु आवश्यक छैन भन्ने दर्शनलाई मान्दा परमेश्वरको अस्तित्वलाई नै अस्वीकार गर्ने इजाजत पाएको कसरी महसुस हुन्छ? त्यसले गर्दा फ्रान्सको जनक्रान्तीमा भएको अराजकता, हत्या हिंसा अनैकता आदिले फ्रान्स डुव्न पुगेको थियो भनेर हामीले कसरी बुझ्न सक्छौं?

इ. यूहन्नाले दर्शनमा देखेका पवित्र मन्दिर अन्तिम घट्नाहरूसँग कसरी सम्बन्ध छ?

## कथा ६

## एक जना स्वर्गदूत, चार मुठभेद

## नेलसन सिनो रिस चिटाओङ्गा र कालभेट साबोनेट ओसिफो

कतिले भन्न सक्दछन् तिनीहरूले स्वर्गदूत देखे। तर ओइले भन्छन कि उनले स्वर्गदूत देखे। एक पल्ट मात्र होइन चार पल्ट।

तीन वर्षसम्म घरबाट टाढा रहेर काम गर्न जाँदा ओइलेले आफ्नो बचपनको विश्वासबाट चिप्लेका थिए। अफ्रिका महादेशको मोजाम्बिक देशका मोकुबा सहरसँग नाम्पुला सहरलाई जोड्ने सडक निर्माण गर्ने काममा उनी लागेका थिए। त्यो दुरी २५० माइल वा ४०० किलोमिटरको छ। यो एकदम कठीन काम थियो। उनलाई थाहा थियो कि परिश्रम गर्ने सिलसिलामा उनले परमेश्वरको आज्ञालाई तोडेका थिए।

एक दिन धेरै अपरिचित मानिसहरू ओइलेकहाँ आए। उनी काम पछि रक्सीले मात्तिरहेका थिए। साबथ त हप्ताको सातौं दिन हो भन्ने भनेर बाइबलले सिकाउँछ भनेर के उनलाई थाहा छ कि भनेर तिनीहरूले सोधे। तिनीहरू गलत छ भनेर ओइलेले जिकिर गरे। "बाइबलबाट मलाई देखाऊ," भनेर उनले माग गरे।

ती अपरिचित मानिसहरू सेभेन्थ-डे एडभेन्टिस्टहरू थिए। तिनीहरूले चौथो आज्ञालाई यसरी पढेर सुनाए, "साबथ दिनलाई याद गर्नु। यसलाई पवित्र राख्नु।" प्रस्थान २०:८। अनि तिनीहरूले इजकिएल २०:२० पढेर सुनाए, "मेरा साबथहरू पवित्र राख। तिनीहरू तिमीहरूको र मेरो बीचमा करारको चिन्ह भनेर याद गर। तिमीहरूले थाहा पाऊन् कि म तिमीहरूको परमेश्वर हुँ।"

ओइलेले ती पदहरू केही दिनसम्म बारम्बार पढे। यो परमेश्वरबाट आएको सत्य पढिरहेको हो कि भनेर उनले ताजुब माने। उनी सानैदेखि चर्च गएतापनि यी पदहरू उनले कहिल्यै पनि पढेका थिएनन्।

त्यो सोचेर उनले प्रार्थना गरे। एक रात चम्किलो स्वर्गदूत उनी बसेको घरमा देखा परे। "बलियो होऊ, तिमी ठीक बाटोमा लागिरहेका छौ," स्वर्गदूतले भने। अर्को रातमा पनि त्यही ठाउँमा उनले स्वर्गदूत देखे। "बलियो होऊ, तिमी ठीक बाटोमा लागिरहेका छौ," स्वर्गदूतले भने। त्यही कुरो तेस्रो रातमा पनि भयो। अर्को साबथ ओइले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गए। त्यस दिनदेखि उनी एडभेन्टिस्टहरूसँग नियमित रूपमा साबथमा परमेश्वरको आराधना गर्न थाले।

तीन वर्षपछि कामको सम्झौता सकिएको थियो। उनी आफ्नो घरमा फर्के। उनकी श्रीमती र छोराछोरीहरु एडभेन्टिस्ट चर्चमा आराधना गर्न सरिक भएकोले उनी छक्क परे। तीन वर्षसम्म घरबाट टाढा भएको अवधिमा उनले आफ्नो घरमा सम्पर्क गरेका थिएनन्।

ओइले एडभेन्टिस्ट चर्चमा जाने थालेको थाहा पाएर, "यो कस्तो संयोग हो? यो त अचम्म नै भयो," उनकी श्रीमतीले भनिन्।

घर फर्केपछि ओइले शनिबार एडेन्टिस्ट चर्चमा गए र आइतबार उनको बचपनको चर्चमा गए। तर के गर्ने भनेर उनलाई थाहा थिएन। अनि चौथो पल्ट पनि स्वर्गदूत देखा परेर यो भने, "तिमीले जे अध्ययन गरिरहेका छौ, त्यो सत्य हो।" अनि ओइले सेभेन्थ-डे एडभेन्टिस्ट नै हुने निर्णय गरे।

ओइले बसेको ठाउँमा केवल केही एडभेन्टिस्टहरू मात्र थिए। तर आफूले पाएको साबथ र येशूको आगमनको बारेमा सुनाउने उनको प्रयासलाई परमेश्वरले आशिष दिनुभयो। ओइलेले तीन घरेलु चर्च सुरु गर्न सहयोग गरे। "जँड्याहा नै भएतापनि सबैलाई सुसमाचार सुनाउनु पर्दछ। परमेश्वरले नै मानिसलाई परिवर्तन गर्नुहुन्छ। धेरै मानिसहरू छन् जो सुसमाचार ग्रहण गर्न परमेश्वरले तयार गरिरहनुभएको छ। तिनीहरूलाई केवल तपाईंले छुनु मात्र पर्दछ," ओइलेले सुनाए।